नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
गुलरिया, बर्दिया

०८४-४२०१३३ प्र.जि.अ.
०८४-४२००९५ स.प्र.जि.अ./प्र.अ.
०८४-४२०१३२ प्र.अ.
०८४-४२०२७६ प्रशासन
०८४-४२०२४५ फ्याक्स
०८४-४२०९९९ DEOC
website:daobardiya.moha.gov.np
email:daobardiya@moha.gov.np
daobardiya@gmail.com

प.सं.:स्था.प्र./७५/७६
च.नं.

मितिः २०७५/०७/१६

## सूचना! सूचना!! सूचना!!!

शुभ-दिपावली र छठ पर्वको शुभ-उपलक्ष्यमा सम्पुर्ण बर्दिया बासीहरुमा सुख शान्ति एवम् समृद्धिको हार्दिक मंगलमय शुभ-कामना व्यक्त गर्दछु ।

यात्रुहरुको सहज आवागमन, गुणस्तरीय खाद्यान्न उपलव्धता र शान्ति सुरक्षा कायम गर्ने कार्यमा सहयोग गर्न सम्वन्धित सबैमा जिल्ला प्रशासन कार्यालय बर्दिया हार्दिक अनुरोध गर्दछ ।

सेवाग्राही तथा उपभोक्तालाई दुःख, शास्ती तथा हैरानी दिने वा गैरकानूनी काम भए गरेको अवस्थां पाइएकोमा नजिकैको प्रहरीमा जानकारी गराईदिनुहुन समेत अनुरोध गर्दछु ।

कुनै कसैले अनुचित फाईदा लिने मनसायले ठगी गर्ने, कानून मिच्ने, गुणस्तरहिन बस्तु विक्रि गर्ने, खाद्यबस्तुको कृतिम अभाव देखाउने, बढी मूल्य लिने, कमसल माललाई असल माल हो भनि झुक्याई विक्री वितरण गर्ने, कालो बजारी गर्ने, जुवातास खेल्ने खेलाउने जस्ता गैरकानूनी काम नगर्नु नगराउन हुन तथा अनुगमन गर्दा त्यस्तो भए गरेको पाइएमा प्रचलित कानून बमोजिम कडा कारवाही गरिने व्यहोरा सबैमा जानकारी गराइन्छ साथै दिपावली(तिहार) को अवसरमा भुईचम्फा, पटका, अतिसबाजी लगायत प्रज्वलनशिल तथा विष्फोटनजन्य पदार्थहरुको प्रयोगबाट कुनै पनि किसिमको दुर्घटना हुन सक्ने र अङ्गभङ्ग तथा अपाङ्ग समेत हुन सक्ने हुँदा त्यस्ता पदार्थहरु ओसारपसार, विक्रिवितरण तथा प्रयोग नगर्नु नगराउनुहुन र गरेको पाइएमा कडा कानूनी कारवाही हुने व्यहोरा समेत यसै सूचना द्धारा जानकारी गराइन्छ । साथै तिहारको अवसरमा रातको १० बजे भित्र मात्र देउसीभैलो खेल्नुहुन र होटलं व्यवसायीहरुलाई राती ९ बजे पछि मदिराका पसलहरु पूर्णरुपमा बन्द गर्न समेत अनुरोध गरिन्छ ।

२०७५।७।१६

महेन्द्रजङ्ग शाही
सूचना अधिकारी

महेन्द्रजङ्ग शाही
प्रशासकीय अधिकृत

यो सूचना निःशुल्क प्रचार प्रसार गरिदिनुहुन अनुरोध गरिन्छ ।